प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
# परीक्षा नियन्त्रण कार्यालय
सानोठिमी, भक्तपुरको

## बर्गिकृत(निःशुल्क) छात्रवृत्तिमा सिफारिश गर्न र भर्ना हुन नगई रिक्त रहन आएको छात्रवृत्ति सिटमा सम्वन्धित प्रदेशको उत्तीर्ण सूचीमा रहेका परीक्षार्थीहरु मध्येबाट छनौट गर्न निवेदन माग गरिएको सम्वन्धी अत्यन्त जरुरी सूचना !

(सूचना प्रकाशित मिति २०७५।०६।२१)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, परीक्षा नियन्त्रण कार्यालयद्वारा डिप्लोमा/प्रमाणपत्र तहमा शैक्षिक सत्र २०७५/०७६ को लागि प्रवेश परीक्षा संचालन भैसके पश्चात सम्वन्धन स्वीकृत प्राप्त सामुदायिक बिद्यालयमा प्राविधिक शिक्षा कार्यक्रम (TECS) तर्फ बर्गिकृत (निशुल्क) छात्रवृत्तिमा मुख्य परीक्षार्थीमा छनौट गर्न र तोकिएको म्यादभित्र भर्ना हुन नजाने परीक्षार्थीहरुको सम्वन्धित शिक्षण संस्थाबाट प्राप्त रिक्त सिटहरुको विवरण अनुसार बिभिन्न शैक्षिक कार्यक्रमहरुमा रिक्त कोटामा परीक्षार्थी सिफारिश गर्नुपर्ने हुंदा आफु परीक्षामा सम्मिलित भई नतिजा प्रकाशन भएको प्रदेशको बिभिन्न शैक्षिक कार्यक्रमको मिति २०७५।०४।१२ गते र मिति २०७५।०५।१३ गते संचालन भएको प्रवेश परीक्षामा सामेल भइ उत्तीर्ण सूचीमा रहेका परीक्षार्थीहरु मध्येबाट पहिलो प्राथमिकता सोही बर्गको र सो बर्गको निवेदन पर्न नआएमा अन्य बर्गका मध्येबाट योग्यताक्रमको आधारमा छनौट गरी छात्रवृत्तिमा सिफारिश गर्नुपर्ने भएकाले सम्वन्धित शैक्षिक कार्यक्रमको उत्तीर्ण सूचीमा रहेका इच्छुक परीक्षार्थीहरुले यो सूचना प्रकाशित भएको मितिले ८ दिन (मिति २०७५।०६।२८) भित्र परिषद्को वेभसाइट www.ctevt.org.np मा राखिएका निवेदन डाउनलोड गरी शिक्षण संस्थासमेत प्राथमिकिकरण गरी प्रवेश पत्र तथा नतिजाको विवरण संलग्न गरी परिषद्का निम्न कार्यालयहरुमा कार्यालय समय भित्र निवेदन दर्ता गराउनु हुन सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । कोटा रिक्त रहेको प्रदेश अन्तर्गतको शिक्षण संस्था, शैक्षिक कार्यक्रम तथा लक्षित बर्गहरुको विवरण परिषद्को वेभसाइट www.ctevt.org.np मा राखिएको व्यहोरा समेत सूचित गरिन्छ ।

**निवेदन दर्ता गराउने स्थानहरु :**

क. परिषद्, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुर
ख. परिषद, पुर्व क्षेत्र क्षेत्रीय कार्यालय, इटहरी, सुनसरी
ग. परिषद, मध्य क्षेत्र क्षेत्रीय कार्यालय, भरतपुर, चितवन
घ. परिषद, पश्चिम क्षेत्र क्षेत्रीय कार्यालय, कोहलपुर, बांके

यस सूचना बमोजिम पर्न आउने निवेदन छुट्टै दर्ता किताव खडा गरी अन्तिम म्यादसम्म दर्ता भएका निवेदनहरु म्याद समाप्त भएको भोलिपल्ट परिषद्, परीक्षा नियन्त्रण कार्यालयमा पठाउनु हुन सवै क्षेत्रीय कार्यालयहरुलाई यसै सूचनाद्वारा अनुरोध गरिन्छ ।

यो सूचना परिषद्को वेभसाइट www.ctevt.org.np मा पनि हेर्न सकिन्छ ।

**परीक्षा नियन्त्रक**